धुलिखेल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धुलिखेल, काभ्रे

## *टुडिखेल मनोरन्जन पार्कमा रहेको सटर पसलहरु भाडामा दिने सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना*

प्रथम पटक सूचना प्रकाशित मिति :२०७८।०८।२३

यस नगरपालिकाको वडा नं ७ टुंडिखेल मनोरन्जन पार्कको वाहिर पिपलवोट वारि पट्टी नयां निर्माण भएको ४(चार) र पिपलवोट पारि हजार सिंढी जाने वाटोको तल्ला पट्टी ७ (सात) वटा समेत जम्मा ११ (एघार) पसल सटरहरु भाडामा दिनु पर्ने भएकोले उक्त सटरहरु भाडामा लिन ईच्छुक व्यक्ति, फर्म, संघ संस्था वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघटने गरि तपशिलमा उल्लेख भएको शर्तहरु वमोजीम दरभाउपत्र खरिद गरि शिलवन्दी गरि पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

***शर्तहरु***

१) तोकिएका सटरहरु मध्ये सटर नं १० र ११ एकमुष्ठ र अन्य सटरहरु छुट्टा छुट्टै वा एकमुष्ठ रुपमा लिनका लागी दरभाउपत्र फाराम खरिद गरि विवरण भरि पेश गर्नु पर्नेछ ।

२) दरभाउपत्र फाराम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/संघ संस्थाको हकमा अद्यावधीक फर्म दर्ता नविकरणको प्रतिलिपि, स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६।०७७ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरि रु १०००।०० दरभाउपत्र दस्तुर तिरि लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।

३) खरिद गरिएको दरभाउपत्रमा आवश्यक विवरण भरि दस्तखत र छाप लगाई शिलवन्दी गरि १६औ दिनको १२.०० वजे भित्र यस कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

४) प्राप्त शिलवन्दी दरभाउपत्रहरु १६औ दिनको १.०० वजे दरभाउपत्र दाता वा निजको प्रतिनिधी तथा कार्यालयका प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलीनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

५) दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमश हुनेछ ।

६) दरभाउपत्र पेश गर्दा आफुले कवोल गरेको वार्षिक अंकको ५% का दरले हुने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक धुलिखेलमा रहेको १०४०१००३०३००००२ नं को धरौटी खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ९०(नव्वे) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा जारी भएको सक्कल वैक जमानी पत्र (विड वण्ड) अनिवार्य रुपले शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

७) दरभाउपत्र पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

८) दरभाउपत्र स्विकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले सात दिन भित्र आफुले कवोल गरेको वार्षिक रकम एकमुष्ट वा सो रकम वरावरको १ वर्ष म्याद भएको वैंक ग्यारेन्टी परफरमेन्स वण्ड

संलग्न गरि घर वहाल संझौता गर्न आउनु पर्ने छ । नआएमा धरौटी जफत गरि दोस्रो दरभाउ पत्र दाता संग संझौता गरिनेछ ।

९) घर वहाल संझौता गर्दाको वखतनै तोकिएको वार्षिक घर भाडा रकम एकमुष्ठ वा १ वर्ष म्याद भएको यस कार्यालयको पक्षमा जारि भएको वाणिज्य वैंकको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ ।

१०) **सटरहरुको न्युनतम घर भाडा वहाल कर समेत पुरानो सटर भएको स्थानको ४ वटा सटरको प्रति सटर प्रति महिना रु ७२६०।०० र पिपलवोट पारि हजार सिंढी जाने वाटोको तल्ला पट्टी प्रति सटर प्रति महिना रु. ४,०००।०० कायम गरिएको छ ।**

११) प्रचलित कानुन वमोजिम तिर्न पर्ने सम्पूण करहरु व्यक्ति/फर्म स्वयंले वुझाउनु पर्ने छ ।

१२) नेपाल सरकारवाट प्राप्त भाडा सम्वन्धी निर्देशन तथा समय समयमा कार्यालयवाट दिईने निर्देशनको पालना गर्नु पर्नेछ ।

१३) दरभाउ पत्र पेश गर्नु अगावै पसल सटर रहेको स्थान अवलोकन गर्न सुझाव गरिन्छ ।

१४) दरभाउपत्र स्विकृत गर्दा सटर वनेको स्थानमा पहिला घुम्ती व्यावसाय संचालन गरि रहेका र स्थानीय व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

१५) प्राप्त दरभाउपत्र स्विकृत गर्ने,आंशिक स्विकृत गर्ने वा स्विकृत नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६) यसमा उल्लेख नभएको अन्य कुराहरु प्रचलित कानुन वमोजीम हुनेछ ।